# नेपाल राष्ट्र बैंक
## प्रेस विज्ञप्ति

नेपाल राष्ट्र बैंकका गभर्नर डा. युवराज खतिवडा जेठ २६ गते भारतको केरलामा आयोजना हुने एसियन क्लियरिङ युनियन (ACU) सञ्चालक समितिको ४० औं वार्षिक बैठकमा भाग लिन आज त्यसतर्फ प्रस्थान गर्नुभयो ।

सोही स्थानमा जेठ २७ र २८ गते आयोजना हुने सार्कफाइनान्स गभर्नर्स सिम्पोजियम (SAARCFINANCE Governors' Symposium) मा पनि उहाँ सहभागी हुने कार्यक्रम छ । सिम्पोजियम सार्क क्षेत्रको वित्तीय स्थायित्व (Financial Stability) विषयमा केन्द्रित रहने छ ।

एसियुको बैठकमा बैंकको विदेशी विनिमय व्यवस्थापन विभागका कार्यकारी निर्देशक श्री लिलाप्रकाश सिटौला पनि सहभागी हुनुहुनेछ । यसै गरी अनुसन्धान विभागका निर्देशक डा. भुवनेश पन्त गभर्नर्स सिम्पोजियममा प्रतिनिधिको रुपमा सहभागी हुनुहुनेछ ।

गभर्नर डा. खतिवडाको जेठ २९ गते स्वदेश फर्कने कार्यक्रम छ ।

गभर्नरको कार्यालय

मितिः २०६८।०२।२५